## सूचना

पशु बलीप्रथा न्यूनीकरण,
निरुत्साहन र अन्त्य गर्न सबै
नागरिकहरु सक्रियतापूर्वक लागौं ।

नेपाल सरकार
सञ्चार सूचना तथा प्रविधि मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**सरकार ढाल्न लागिपरेको ओलीको आरोप**



पृष्ठ ४ मा

वर्ष-१२ ।। अङ्क : २०३ ॥ २०७७ मंसिर ०९ गते मंगलबार (26th Nov. 2020, Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## माछापालनका लागि मोफसलमा भुरा अभाव

❖मनिषा चम्लागाईं /झापा

पछिल्लो समय अधिकांश युवाको रोजाइमा शहर पर्छ । गाउँ छाडेर शहर पस्ने युवाको संख्या बढेसँगै गाउँघरका खेतबारी बाँझो हुनु सामान्य नै भइसकेको छ । यति हुँदाहुँदै पनि धेरै जनसंख्या कृषिमै निर्भर छ ।

मोफसलमा रहेका युवाहरु केही व्यवसाय गर्नुपरे राजधानी रोज्छन् । तर, झापाको ग्रामीण भेगमा अवस्थित गौरीगञ्ज गाउँपालिकामा ४ युवाले व्यावसायिक माछापालन शुरु गरेका छन् । स्थायी घर काठमाडौं रहेका उनीहरु मोफसलमा अवसर देखेर व्यवसाय शुरु गरेको बताउँछन् । काठमाडौंका सागर न्यौपाने, सर्वकल्याण कणेल, फणिन्द्र पाण्डे, धर्मप्रसाद पन्तले व्यवसाय शुरु गरेका हुन् । ६ वर्षअघि नेचुरल



फिस एण्ड मिट सेन्टर सञ्चालनमा ल्याएका उनीहरुले पंघास र कार्प जातका माछा लगाएका छन् । गौरीगञ्ज गाउँपालिका -३मा १५ विगाहमा २७ वटा पोखरी निर्माण गरी व्यवसाय शुरु गरेपनि उत्पादित माछाले बजार पाउन नसकेको सञ्चालक न्यौपानेले बताए । माछा बिक्रीका लागि झापा, मोरङ र सुनसरीका बजार पुऱ्याउने गरेको न्यौपाने बताउँछन् । बजारमा विषादी हालेको भारतीय माछा न्यून मूल्यमा खुलेआम बिक्री हुने गरेकाले पनि माछाले बजार अभाव झेल्नु पर्ने न्यौपानेको भनाई छ ।

कोरोना महामारी शुरु भएसँगै माछापालक कृषकले भुरा अभावसमेत झेल्नु परेको न्यौपानेको भनाई छ । "हामीलाई वार्षिक १२ लाख भुरा आवश्यक पर्छ" न्यौपानेले भने, "कोरोना कहरले गत वर्षको चैत यता ३ लाख मात्र भुरा उपलब्ध भयो ।" भुरा नभएकै कारण २७ वटा पोखरीमध्ये ७ वटा मात्र पोखरीमा माछा हालेको न्यौपानेले सुनाए । "नेपालमा भुरा आयातले वैधानिक पाएको छैन"

❖बाँकी अन्तिम पृष्ठमा

## झापामा कोरोना संक्रमणबाट दुई जनाको मृत्यु

*झापा (प्रस) ।* कोरोना संक्रमणबाट सोमबार झापामा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मेचीनगरकी बृद्धा र भद्रपुरका बृद्ध रहेका छन् ।

मेचीनगर-४ की ८२ वर्षीया गौरीमाया तामाङको कोरोना संक्रमणका कारण कोशी अस्पताल विराटनगरमा मृत्यु भएको छ ।

मेचीनगर नगरपालिकाका सामाजिक विकास समिति संयोजक नविन बरालका अनुसार मंसिर ४ गते ज्वरो, श्वासप्रश्वासमा समस्या भएपछि उनलाई उपचारका लागि कोशी अस्पताल भर्ना गरिएको थियो । उनको सोमबार बिहान ५ बजेतिर मृत्यु भएको हो ।

भर्ना गराएकै दिन पिसिआर परीक्षण गराउँदा उनको रिपोर्ट पोजिटिभ आएको थियो ।उनको सोमबार दिउँसो आफ्नै ठाउँमा गाढेर अन्त्येष्टि गरिएको वडा नम्बर ४ का वडाध्यक्ष समेत रहेका बरालले जानकारी दिए । योसँगै मेचीनगरमा मृत्यु हुनेको संख्या ९ पुगेको छ । त्यस्तै भद्रपुर नगरपालिका वडा नं ८ का एक बृद्धको पनि सोमबार दिउँसो मृत्यु भएको छ । मृत्यु हुनेमा ७३ वर्षिय विष्णुदेव शर्मा रहेका छन् । उनको दिउँसो १.३० बजे घरैमा मृत्यु भएको हो ।मंसिर ४ गते मेची अस्पतालमा गरिएको पिसिआर परीक्षणमा उनको रिपोर्ट पोजेटिभ आएको थियो । सोमबार अबस्था गंभीर बनेपछि घरबाट अस्पतालतर्फ लैजान खोज्दा उनको मृत्यु भएको नगरपालिकाका स्वास्थ्य शाखाका मनोज भट्टराईले बताए । उनको कनकाई माईमा अन्त्येष्टि गरिएको छ । योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या भद्रपुरमा ८ पुगेको छ ।

**दमकका ४९ सहित ९० जना संक्रमित थपिए**

एकैदिन झापामा ९० जना कोरोना संक्रमित थपिएका छन् । पछिल्लो २४ घण्टाभित्र झापाका ३८ महिलासहित ९० जना संक्रमित थपिएका हुन् ।थपिएकामध्ये सबैभन्दा बढी दमक नगरपालिकाका ४९ जना रहेका छन् । जसमा १८ जना र ३१ जना पुरुष रहेको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । उनीहरु वडा नं. १ देखि ९ नम्बरसम्मका स्थानीय बासिन्दा हुन् ।यस्तै, मेचीनगर र कनकाई नगरपालिकाका ८-८ जनामा संक्रमण पुष्टि भएको छ । मेचीनगरमा ४

❖बाँकी अन्तिम पृष्ठमा

## दमकमा आगलागी हुँदा धानको कुन्यु जलेर नष्ट

*दमक (प्रस) ।* दमक नगरपालिका-४ मा भएको आगलागीबाट धानको कुन्यु जलेर नष्ट भएको छ। सोमबार दिउँसो भएको आगलागीबाट स्थानीय टंक पाण्डेको कुन्यु डढेर नष्ट भएको हो । भान्सा कोठानजिकै कुन्यु रहेको कारण भान्सा कोठाबाट आगो सल्केको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।



ताराबारीबाट खटिएको प्रहरी टोलीले दमकल र स्थानीयबासीको सहयोगमा आगो नियन्त्रणमा लिएको इप्रका दमकका प्रहरी नायव उपरीक्षक विजयराज पण्डितले बताए ।

आगलागीबाट ४० हजार रुपैयाँ बराबरको धान र पराल नष्ट भएको प्रमुख पण्डितले बताए । आगलागीबाट मानवीय क्षति भने भएको छैन ।

## शहरी विकास मन्त्री श्रेष्ठ योजना अनुगमनमा

*दमक (प्रस) ।* शहरी विकास मन्त्री कृष्णगोपाल श्रेष्ठले सोमबार झापाको दमकसहित जिल्लाका विभिन्न क्षेत्रमा सञ्चालित योजनाहरुको अनुगमन गरेका छन् ।

मन्त्रालयका अधिकारीसहित आएका उनले दमकको निर्माणाधिन दमक भ्यूटावर, दमक सभागृह , दमक बसपार्क र सोमबार नै गौरादह र गौरीगञ्जमा समेत मन्त्रालय अन्तर्गतका चालु तथा सम्पन्न भएका योजनाहरुको स्थलगत जानकारी लिएका हुन् ।

यसैक्रममा उनले अपरान्ह दमक ३ स्थित निर्माणाधिन भ्यूटावर निर्माणको अवस्थाबारे जानकारी लिएको वडाध्यक्ष नवीन बरालले वताए ।

स्थलगत निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले दमक भ्यूटावर लगानी र महत्वका हिसाबले पनि देशकै पहिलो भ्यूटावर भएको दावी गरे ।



मन्त्री श्रेष्ठसंगै प्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख स्वकीय सचिव इन्द्र भण्डारी, मन्त्रालय र सम्बन्धित विभागका उच्च अधिकारीहरु संलग्न थिए ।

मन्त्री श्रेष्ठसहितको सो टोलीलाई दमक नगरपालिकाकी उपप्रमुख गीता अधिकारी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश तिम्सिनासहित स्थानीयहरुले फूलमालाले स्वागत गरेका थिए । नगरपालिकाका अनुसार राष्ट्रिय महत्व तथा बहुवर्षीय योजनामा रहेको सो व्यावसायिक भ्यू टावरको करिब ३० प्रतिशत काम पूरा भएको छ ।

चालु आर्थिक वर्षमा संघीय सरकारले सोका लागि ४० करोड रुपैयाँ विनियोजन गरिसकेको छ । त्यहाँ डेढ अर्बभन्दा बढीको सरकारी लगानी रहनेछ ।

भ्यूटावर निर्माणको जिम्मा चिनिया कम्पनी जेसिडिआइइसी र नेपाली कम्पनी आशिष ओमसाई जेभीले लिएको छ । भ्यूटावर निर्माणका लागि स्थानीयले ५ विगाह जग्गा निशुल्क रुपमा उपलव्ध गराएका थिए ।

२५ तला पक्की संरचना बन्ने त्यसमाथि थप ५ तलाको स्टिलको संरचना बन्ने जनाईएको छ । यो भ्यूटावर निर्माणपछि त्यहाँ विदेशी पर्यटकहरु समेत भित्रिने भएकाले दमक र समग्र देशकै पर्यटन तथा व्यावसायिक विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको नगर उपप्रमुख अधिकारीले बताईन् ।

## चोरी मुद्धाका तीन फरार प्रतिवादी पक्राउ

*झापा (प्रस) ।* चोरी मुद्धा लागेर फरार रहेका तीनजना आरोपीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने तीनैजना हल्दिबारीका रहेका छन् । पक्राउ पर्नेमा हल्दिबारी ३ का ३० वर्षिय मुकेश मेचे , २८ वर्षिय प्रेम मगर र ३२ वर्षिय राजु मेचे रहेका छन् । तीनैजनालाई समान पन्ध्र- पन्ध्र दिन कैद र जनही २ ९ हजार २५० रुपैयाँ जरिवाना तोकिएको थियो ।







जिल्ला अदालत धनकुटाको २०७५ पुष १७ गतेको फैसला अनुसार चोरी मुद्दाका ती प्रतिवादीहरुलाई सो फैसला सुनाइएको थियो । सजाय र जरिवाना ठहरिएका उनीहरु वारदात पश्चात फरार रहेका थिए । खोजलताश गर्ने क्रममा बिशेष सुराकीको आधारमा जिल्ला प्रहरी कार्यालय झापा र प्रहरी चौकी जलथलबाट खटिएको प्रहरी टोलीले सोमबार विभिन्न स्थानहरुबाट पक्राउ गरेको प्रहरी नायव उपरीक्षक राकेश थापाले बताए । उनले तीनै जनालाई जिल्ला प्रहरी कार्यालयमा राखिएको र फैसला कार्यान्वयनको लागि मंगलबार झापा जिल्ला अदालत भद्रपुरमा उपस्थित गराउने जानकारी दिए ।

## आवश्यकता

**सर्जिकल तथा केमिकलका सामग्रीहरूका लागि**
**डिलरमा सेल्समेन आवश्यकता**

**कार्यक्षेत्रहरू**

❖ गौरीगंज+झापा दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
❖ शिवसतासी + कमल दुवै पालिका हेर्नेगरी १ जना (महिला/ पुरुष)
❖ गौरादह+दमक दुवै पालिका हेर्ने गरी १ जना ( महिला / पुरुष)
❖ कनकाई+ अर्जुनधारा दुवै पालिका हेर्ने गरी १ जना ( महिला/पुरुष)
❖ मे.न.पा+ बुद्धशान्ति दुवै पालिका हेर्ने गरी १ जना (महिला /पुरुष)
❖ कचनकवल + बाह्रदशी दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
❖ भ.न.पा. +हल्दिबारी दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
❖ बिर्तामोड न.पा. हेर्ने गरी १ जना (महिला/पुरुष)
❖ Light Driver -१ जना (Licence भएको बिर्तामोड निवासी)

**स्थानिय व्यक्तिले मात्र सम्पर्क गर्नुहोला ।**
**तलबं कमिशन सहित १५ देखि २० हजार सम्म हुनेछ।**

❖ सुपर मार्केटका लागि
३ जना क्लिनर (महिला)
❖ सहकारीको लागि बजार प्रतिनिधि-३ जना

**फर्म भर्ने अन्तिम मितिः २०७७ मंसिर १० गतेसम्म**
**फाइनल अन्तरवार्ताः २०७७ मंसिर ११ गते , बिहान ११ बजे**

**बिर्तामोड-५, कृषिथोक रोड**
**सम्पर्क नं. ९८५२६४०१२३,९८०७५१४१२३, ०२३-५४४८३४**


## माता पाथिभरा फर्निचर

बिर्तामोड-७, चारपाने
सो-रुमः कनकाई-१, दुर्गापुर

प्रो. देवी दंगाल ☎ 9841351368, 9806035571







**थ्री पिस दराज**
**बक्स पलङ**
**टु पिस दराज**
**सोफा सेटहरु**

लगायत घरायसी सजावटका
सम्पुर्ण फर्निचरका सामानहरु
ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

# धाइजनको कोभिड अस्पतालमा अब चिकित्सक आउने

***मेचीनगर (प्रस) ।*** मेचीनगर नगरपालिकाले धाइजनको कोभिड त्यसका लागि सूचना आह्वान गरिने बताइएको छ ।




अस्पतालमा अब चिकित्सक पठाउने भएको छ । सोमबार उपप्रमुख मिना पोखरेल उप्रेतीको अध्यक्षतामा बसेको नगरपालिका कार्यपालिकाको बैठकले धाइजनको कोभिड अस्पतालको रुपमा सञ्चालन गर्नका लागि चिकित्सक, स्टाफ नर्स, कर्मचारी र थप अक्सिजन ल्याउन प्रकिया शुरु गर्ने निर्णय गरेको हो । १ जना एमविविएस चिकित्सक, २ जना स्टाफ नर्स र १ जना कार्यालय सहयोगी माग गर्ने निर्णय गरिएको उपप्रमुख उप्रेतीले बताइन् ।

हाल आइसोलेसन वार्डमा १५ वटा अक्सिजन रहेकोमा त्यसलाई बढाएर ५० वटा पुऱ्याउने समेत निर्णय गरिएको उनले जानकारी दिइन् ।

त्यसैगरी काँकरभिट्टामा स्वगत गेट निर्माणका लागि संघीय र प्रदेश सरकारलाई बजेट माग गरिने र भ्यूटावर निर्माणका लागि प्रकिया अघि बढाइने समेत निर्णय भएको उनको भनाइ छ । भ्यूटावरका लागि प्रदेश सरकारबाट १ करोड र नगरपालिकाको ३० प्रतिशत लागत सहभागिता रहने उनले बताइन् ।

## माछा ...

न्यौपाने भन्छन्, "लकडाउन शुरु भएपछि भने व्यापारीले भुरा आयात नगर्दा त्यसको प्रत्यक्ष मार कृषकलाई परेको छ ।" व्यापारीले भारतबाट भुरा ल्याउने र आफूहरुले व्यापारीबाट किन्ने गरेको उनी बताउँछन् । पोखरी निर्माण विस्तार गरी व्यवसाय बढाउने योजना बनाए पनि बजार र भुरा अभावले तत्काललाई स्थगित गरिएको छ ।

जिल्लामा माछाको भुरा उपलब्ध नहुँदा भारतबाट भुरा ल्याउनु पर्ने अवस्था छ । अधिकांश किसानले भारतबाट माछाको भुरा ल्याउने गरेको मत्स्य विकास अधिकृत प्रदीपकुमार श्रेष्ठले बताए । नेपालकै लहान, सिराहा, सप्तरीका रहेका ह्याचरीबाट केही कृषकले भुरा ल्याएर हालेको उनी बताउँछन् । नेपालमा भुरा पर्याप्त नहुनु र नेपाली भन्दा भारतीय भुरा सस्तो मूल्यमा पाइने भएकाले कृषकहरु भारतबाट माछा ल्याउने गरेको श्रेष्ठले बताए । "भुरा नभएकै कारण जिल्लाका पोखरी खाली हुँदै गएका छन्, झापाको भद्रपुरमा ह्याचरी खुल्न लागेको छ" श्रेष्ठले भने, "त्यसबाट झापाका किसानलाई सहयोग पुग्छ ।"

लकडाउनका कारण माछाको लागि आवश्यक दानासमेत सहज रुपमा उपलब्ध नहुँदा नेचुरल फिस एण्ड मिट सेन्टरका सञ्चालक मर्कामा छन् । "नेपालमा गुणस्तरीय दाना पाइदैंन, भारतबाट ल्याउँदा पछिल्लो समय दानामा भएको मूल्यवृद्धि र झन्झटिलो आयात प्रक्रियाले समस्या थपेको छ" न्यौपानेले सुनाए । सबै पोखरीमा भुरा हाल्दा प्रतिदिन न्यूनतम १ टनसम्म दाना आवश्यक पर्ने व्यवस्थापक न्यौपानेले बताए । झापामा कार्प जातका रहुँ, नैनी, भाकुर, कमनकार्प, सिल्भरकार्प, बिगहेड, ग्रासकार्पसँगै पंघास, तिलापिया जातका माछा पाल्ने गरिएको छ । झापामा ३ सय ७ हेक्टर जलाशय क्षेत्रमा माछापालन गरिएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको सधियार**
**रिता लिम्बु , नगेन्द्र राईको नाममा जारी गरिएको**

**७ दिने सूचना**

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री रमेश राय ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा १ च २ प्रयोजनको लागि यो ७ (सात) दिने सूचना तथा सधियार पु. श्री रिता लिम्बु प.नगेन्द्र राई को जग्गा लगायत सार्वजनिक हानी नोक्सानी हुन्छ वा हुँदैन । यदी हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले तपाईं ७ दिन भित्र प्रमाण सहित आउनु होला । अन्यथा नियम बमोजिम भई जानेछ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जीमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९.० १२० | १.०४० | १३१.२५ | २०७७/०७/१७ | २०७७/०७/१७ | २०७७/०८/०७ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको सधियार**
**ओमा कुमारी तिवारी कार्किको नाममा जारी गरिएको**

**७ दिने सूचना**

साविक चारपाने गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री तारा देवी चम्लागाई ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा १ च २ प्रयोजनको लागि यो ७ (सात) दिने सूचना तथा सधियार द. श्री ओमा कुमारी तिवारी को जग्गा लगायत सार्वजनिक हानी नोक्सानी हुन्छ वा हुँदैन । यदी हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले तपाईं ७ दिन भित्र प्रमाण सहित आउनु होला । अन्यथा नियम बमोजिम भई जानेछ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जीमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-२ | २ | १८३३ | ३१७.४४ | २०७७/०७/१६ | २०७७/०७/१६ | २०७७/०८/०४ |


# झापामा कृषि प्राविधिक नहुँदा कृषक मारमा

***झापा (प्रस) ।*** वैदेशिक रोजगारीलगायत अन्य पेसा छाडेर अहिले झापामा कृषि पेशातर्फ आकर्षण बढेको छ । कृषकहरू व्यावसायिक खेतीमा आत्मनिर्भर बन्न खोजिरहेका छन् । तर, कृषि पेसामा लाग्ने कृषकहरू कृषि प्राविधिक अभावकै कारण समस्या झेल्न बाध्य बनेका छन् । बोटबिरुवा लाग्ने अज्ञात रोग र किराका कारण किसानहरूले बर्सेनि लाखौं रुपैयाँ रकम नोक्सानी ब्यहोरिरहेका छन् । खेती तथा विभिन्न कृषिजन्य वस्तुमा लाग्ने रोग-कीरा र तिनको निदान बारे कृषकलाई पर्याप्त जानकारी नहुँदा र समस्या समाधानका लागि समयमै प्राविधिक नभेट्टाउँदा कृषकको लगानी नै डुब्ने अवस्था पुगेको उनीहरू बताउँछन् । जिल्लामा कृषकले केरा, कागती, सुपारी, मेवा तथा व्यावसायिक कृषिमा मौरी, कुखुरा, गाई, माछा लगायत पालन गर्दै आइरहेका छन् ।

करिब तीन विगाह जमिनमा केरा खेती गर्दै आइरहेका बाह्रदशी गाउँपालिका कृषक देवी चिमरिया भन्छिन्, ' लगभग १० कठ्ठा जमिनभित्रका केराका बोटहरू मरिसकेको छ, केही खेती त खोलाले पनि बगायो, अब हामीलाई लगानी उठाउनै समस्या परेको छ, अहिले कोराको गानादेखि नै कुहिएर बोटहरू धमाधम मर्न थालिसकेकोले समस्या समाधानका लागि प्राविधिक पनि भेट्टाएका छैनौं ।' कुन रोग लागेको हो, त्यो समेत थाहा नपाउँदा समस्या भइरहेको उनले बताइन् । यहाँ कृषि प्राविधिकको खाँचो रहेको बताउँदै केरा कृषक लक्ष्मीप्रसाद चिमरियाले भने, 'अहिलेसम्म हामीले पुराना साथीहरूको अनुभवकै आधारमा खेती गरिरहेका छौं, माघ आउन लाग्दा बोटहरूमा किराको प्रकोप बढ्ने भएकोले त्यसको समाधानका लागि हामीलाई अब प्राविधिक नै चाहिन्छ ।' यसको लागि कृषि ज्ञान केन्द्रमा पनि जानकारी गराइसकेको उनले बताए । त्यस्तै मौरी कृषक देवी दाहाल भन्छिन्, 'मौरीमा सानातिना रोग लागेमा हामी अनुभवकै आधारमा आफै व्यवस्थापन गर्छौं, कृषकलाई कम्तीमा राज्यले त हेरिदिनु पऱ्यो, कृषकहरूले कसरी आफ्नो पेसा र उत्पादन गरिरहेका छन् भन्नेबारे तीनै तहका सरकार बेखबर छन् ।' आफूहरूसँग अन्य कुनै विकल्प नभएकाले प्राविधिक



आएपनि सरसफाइ र व्यवस्थापन राम्रो गर्न सल्लाह दिएर जाने गरेको कृषकहरू बताउँछन् ।

बोटबिरुवामा कुन रोग र किरा लागेको हो भनेर पहिचान नगरिदिँदा र त्यसको औषधि समेत पहिचान हुन नसक्दा कृषकहरू थप मारमा परेका छन् । किसान प्रविधिमा अनभिज्ञ भएकै कारण कृषिमा व्यावसायीकरण हुन सकेको छैन । जसले गर्दा करोडौं रुपैयाँ बराबरका कृषिजन्य वस्तु आयात गर्नुपर्ने अवस्था एकातिर छ भने पछिल्लो समय प्रविधिको प्रयोग गरेर कृषि पेसामा भविष्य खोज्दै गरेका किसान अहिले कृषि प्राविधिक खोज्न बाध्य छन् ।

संघीय संरचनामा गएपछि अहिले जिल्लामा प्रदेश सरकार अन्तर्गत कृषि ज्ञान केन्द्र रहेको छ। कृषि ज्ञान केन्द्रमा कृषि प्राविधिकको दरबन्दी १० जना तोकिएको छ । तर, दरबन्दी अनुसार प्राविधिक नरहेको ज्ञान केन्द्रका कृषि अर्थ विज्ञ शालिकराम भट्टराईले जानकारी दिए । उनका अनुसार १० औं तहका एक, आठौं तहका ६, छठौं तहका दुई र पाँचौं तहका एक जना स्थायी दरबन्दीका प्राविधिक हुनु पर्ने हो । तर केन्द्रमा तीन जना स्थायी र तीन जना करारका दरबन्दी रहेको उनले बताए ।

६ जना प्राविधिकले जिल्लामा आएका अनुदानको कार्यक्रमको मात्र अनुगमन र समस्या बारेमा जानकारी लिने गरेको बताउँदै उनले भने, 'कुनै कृषकको खेतीमा अज्ञात रोग वा किराको समस्या देखापरेमा त्यो स्थानीय तहका प्राविधिकले हेर्नुपर्ने हो ।' स्थानीय तहहरूमा पनि पाँच प्राविधिकको दरबन्दी तोकिएको छ । तर, जिल्लाको १५ वटै स्थानीय तहमा दरबन्दी अनुसारको प्राविधिक भने छैन । कम्तीमा एकदेखि बढीमा ४ जना सम्म प्राविधिक स्थानीय तहहरूमा रहेको जानकारी प्राप्त भएको उनले बताए ।

'कतै राजनीतिक चलखेलले हटाइएको छ, भने कतै दरबन्दी अनुसार प्राविधिक राखिएकै छैन, जसले कृषकलाई थप समस्यामा पारेकै हो,' उनले भने। कुनै कृषकलाई प्राविधिककै खाँचो रहेमा पहिला स्थानीय तहमा जानु पर्ने, त्यहाँ पनि सम्भव नभएपछि स्थानीय तहकै सिफारिसमा थप सहयोगका लागि कृषि ज्ञान केन्द्रले प्राविधिक पठाउने नियम रहेको उनले प्रस्ट्याएका छन् ।

## झापामा ..

महिला र ४ पुरुष, कनकाईमा ६ महिला र २ पुरुषमा संक्रमण पुष्टि भएको हो । यसैगरी, भद्रपुर नगरपालिकामा २ महिला र ५ पुरुष संक्रमित थपिएका छन् ।यसैगरी अर्जुनधारा नगरपालिकामा २ महिला र २ पुरुष, बिर्तामोडमा ३ पुरुष, कचनकवलमा २ पुरुष, कमलमा २ महिला, शिवसताक्षी र झापा गाउँपालिकामा १-१ महिला तथा १-१ जना पुरुषमा पनि संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।यस्तै, बुद्धशान्ति गाउँपालिकामा १ महिला र हल्दिबारी गाउँपालिकामा १ जना पुरुषमा संक्रमण पुष्टि भएको छ । पालिका नखुलेका एक जना महिलामा पनि संक्रमण पुष्टि भएको छ ।योसँगै झापामा कुल संक्रमितको संख्या ३ हजार ३६१ पुगेको छ भने कोरोनालाई जितेर २ हजार २७३ जना घर फर्किसकेका छन् । अझै ९९२ जना सक्रिय संक्रमित भइ विभिन्न आइसोलेसनमा उपचाररत रहेका छन् ।


सूचना । सूचना ॥ सूचना ॥।

**२४ औं वार्षिक साधारणसभा बारेको सूचना**

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४ को दफा ४० को उपदफा ५ तथा सहकारी विभागको मितिः २०७७/०६/०१ गतेको च.नं. २०२ को पत्र अनुसार यस संस्थाको २४ औं वीर्षक साधारण सभापर्नेभएकोलेसंचालक समितिको मितिः २०७७/०७/०६ गतेको बैठकको निर्णय अनुसार निम्न अनुसारको स्थान, मितिः र समयमा निम्न अनुसारको प्रक्रियाहरु अबलम्बन गरी गर्ने निर्णय भएकोले सम्पूर्ण सेयर सदस्य ज्युहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

प्रतिनिधि छनौट/बिस्तारित मञ्च(भेला) सम्बन्धि प्रक्रियाहरु तथा जानकारी :

संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई निम्न अनुसारको ७(सात) क्षेत्रमा बिभाजन गरी प्रत्येक क्षेत्रमा निम्न अनुसारको मितिमा बिद्युतिय (zoom) माध्यमबाट प्रतिनिधि छनौट भेला गरी निम्न अनुसारको संख्यामा अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरु चयन गरिने छ ।

| क्र.सं. | क्षेत्र | से.के. संख्या | भेला संचालन मितिः | नि.प्र.गर्ने छनौट हुने प्रतिनिधि | क्र.सं. | क्षेत्र | से.के. संख्या | भेला संचालन मितिः | नि.प्र.गर्ने छनौट हुने प्रतिनिधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | उदयपुर | ५ | २०७७/०८/१८ | ३ | २. | सुनसरी | ९ | २०७७/०८/१९ | ६ |
| ३. | मोरङ्ग | १६ | २०७७/०८/२० | १२ | ४. | पाँचथर | ४ | २०७७/०८/२१ | ३ |
| ५. | ईलाम | ६ | २०७७/०८/२२ | ४ | ६. | झापा-१ | १२ | २०७७/०८/२३ | १२ |
| ७. | झापा-२ | १० | २०७७/०८/२४ | १० | | | | | |

**अन्य :**

१. साधारण सभाको प्रतिबेदन मितिः २०७७ मंसिर ११ गतेबाट सेवा केन्द्रमार्फत बितरण गरिने छ । साथै सोही मितिमा संस्थाको Website : www.saharanepal.coop.np मा पनि अपलोड हुनेछ ।
२. साधारण सभाको उपस्थित पुस्तिका सेवा केन्द्रमा नै राखि १५ दिनसम्म हस्ताक्षरको लागि खुल्ला राखिनेछ ।
३. सदस्यबाट प्राप्त सुझावहरु लिखितरुपमा लिईने र उपयुक्त सुझावलाई अन्तिम निर्णमा समेटिने छ ।
४. संस्थाको सम्पूर्ण सेवा केन्द्रलाई उपस्थित सेवा केन्द्र कायम गरिएको छ ।
५. संस्थाको संचालक समिति, लेखा सु.समिति तथा ऋण उप-समिति गठनको लागि सर्बसम्मत प्रक्रिया अवलम्बन गरिने छ ।

**केन्द्रीय साधारणसभा सम्बन्धी जानकारी**

मितिः २०७७/०८/२७ गते, शनिबार ।
समय : बिहानको ११:०० बजेदेखि ।
माध्यम : सुर्योदय टेलिभिजन, एफ.एम. र Facebook Live बाट प्रत्यक्ष प्रशारण ।

**साधारणसभामा छलफका विषयहरू :**

१ संस्थाको र लेखा समितिको वार्षिक प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.ब. ०७६/०७७ को लेखा परीक्षण प्रतिबेदन माथि छलफल तथा पारित गर्ने सम्बन्धमा ।
३. आ.ब. ०७७/०७८ को प्रस्तावित नीति, कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
४ लाभांष पारित गर्ने सम्बन्धमा ।
५. आ.ब.०७७/०७८ को लागि बाह्य लेखा परीक्षकको तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. संस्थाको छैटौ अधिवेशन सम्पन्न गर्ने सम्बन्धमा ।
७. केन्द्रीय कार्यालयको निर्माणधिन भवनको खर्च स्वीकृत गर्ने सम्बन्धमा ।
८. विनियम, नीति, कार्यविधि, निर्देशिका तथा पत्र-परिपत्र पारित गर्ने सम्बन्धमा ।
९. सेवा केन्द्रको लागि जग्गा खरिद गर्ने सम्बन्धमा ।
१०. कार्यकारी प्रमुख तथा संचालक समितिको सेवा सुविधा तथा भत्ता पुनरावलोकन गर्ने सम्बन्धमा ।
११. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा ।
१२. विविध ।

**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय बिर्तामोड - २, चारपाने, झापा**


# सरकार ढाल्न लागिपरेको ओलीको आरोप



***बिर्तामोड (प्रस) ।*** प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र काम नभएकाहरु सलबलाएको बताएका छन् । सोमबार ताप्लेजुङको घुन्सामा आयोजित एक कार्यक्रममा बोल्दै ओलीले आफ्नै पार्टीभित्रका केही मान्छेहरु आफू र सरकारविरुद्ध लागिपरेको बताए । 'यहाँ केही मान्छेहरु आफ्नै पार्टीको अध्यक्षका विरुद्धमा विभिन्न खालका प्रस्ताव ल्याउन थालेका छन्,' नेकपाका अर्का अध्यक्ष प्रचण्डतर्फ इङ्गित गर्दै प्रम ओलीले भने, 'उनीहरु सरकारको लोकप्रियताका कारण आत्तिएर भ्रमपूर्ण प्रचारमा लागेका छन् ।'

सरकार ढल्ने, पार्टी फुट्ने जस्ता निराधार हल्लाका पछि नलाग्न समेत ओलीको आग्रह गरे । ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका ६ मा घुन्सा फाउण्डेसनद्धारा निर्मित स्वास्थ्य भवनको उद्घाटन गर्दै विकट गाउँहरुलाई सुगम बनाउने सरकारको प्रमुख योजना रहेको बताए । 'यस्तो दुर्गम ठाउँमा स्वास्थ्य भवन निर्माण गरेकोमा फाउण्डेनसनलाई धन्यवाद दिन्छु' उनले भने, 'अब सरकारले मुलुकका यस्ता दुर्गम बस्तीमा स्वास्थ्य पहुँच पुर्याउन काम गर्छ ।' कञ्चनजंघामा आउने पर्यटकका लागि लिनु पर्ने स्पेशल परमिटलाई समेत खारेज गरिने र पर्यटकका लागि यो क्षेत्र खुला गरिने ओलीले बताए ।

प्रधानमन्त्री पत्नी राधिका शाक्यले घुन्सा आधारभूत विद्यालयका विद्यार्थीका लागि ५ लाख रुपैयाँ छात्रवृत्ति कोष स्थापना गरिदिने बताइन् । उनले त्यहाँका जेष्ठ नागरिक तथा वृद्धवृद्धाहरुलाई न्यानो कपडा समेत वितरण गरिन् । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई, प्रदेश एकका मुख्यमन्त्री शेरधन राई, संविधानसभा अध्यक्ष सुवास नेम्बाङ लगायत गएका थिए ।


**पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा**
**शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु**

**औषधीको प्रयोग नगरी उपचार**

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

**हाडजोर्नी तथा नशाका समस्याहरुको बिना अप्रेसन सफल उपचार**

**सफलतापूर्वक उपचार हुने समस्याहरु**



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका बिभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# नेकपा विवाद कतातिर ?

यतिखेर सबैको चासो र चिन्ताको विषय बनेको छ नेकपाभित्रको विवाद । सत्तारुढ नेकपाको विवादले देश जनता अनि पार्टीलाई कहाँ पुऱ्याउँछ भनेर सबै चिन्तित देखिएका छन् । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे चितवनमा सहभागी कार्यक्रममा भएको विवादले दुई गुटको विवाद अझ छताछुल्ल भएको छ । नेकपाका शीर्ष नेताहरुबीच विवाद चरम उत्कर्षमा पुगेको समयमा चितवनमा भएको घटनाले दुई गुटको विवादलाई थप मलजल गरेको हो । चितवनमा भएको घटनालाई लक्षित गर्दै नेकपाका नेताहरुको प्रतिक्रिया पढ्दा नेकपाभित्रको विवादले सीमा नाघ्न लागेको आभास सर्वसाधारणले गर्न थालेका छन् । शनिबार चितवनमा प्रधानमन्त्री केपी ओली निकट कार्यकर्ताले पार्टीका वरिष्ठ नेता माधव नेपाल पक्षका नेता सुरेन्द्र पाण्डेविरुद्ध नाराबाजी गरेका थिए । नेकपा स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डेको कार्यक्रममा उनकै पार्टी कार्यकर्ताले विरोध गरेका थिए । राप्ती नगरपालिकाको नगरकमिटी बैककमा बोल्ने क्रममा पाण्डेविरुद्ध नाराबाजी भएको हो। होहल्ला भएपछि बैठक रोकिएको थियो। पटकपटक आग्रह गर्दा पनि शान्त नभएपछि पाण्डे बैठकस्थलबाट बाहिरिएका थिए।

नेकपाभित्र अहिले नेतृत्वको भूमिकाकै विषयलाई लिएर अन्तरसंघर्ष तीव्र रूपमा भइरहेको विषय बाहिर आएको छ । पार्टीभित्रको आन्तरिक मामला भए पनि सत्तारुढ पार्टी हुनुको नाताले पनि र पार्टीभित्र उत्पन्न समस्यालाई नेतृत्वले यथासमयमै आन्तरिक रूपमा आपसी छलफल परामर्श गरेर समाधान गर्न ध्यान नदिएका कारण पनि बाहिर छताछुल्ल रूपमा प्रकट भएका छन् । नेतृत्वबाट भएका कमी कमजोरी, आरोप प्रत्यारोप र नेतृत्वका अभिव्यक्तिले गर्दा पनि नेकपा विभाजनको डिलतिर पुगेको हो ।

गुटबन्दी बढाउने कुनै पनि संस्थाका गतिविधि नगर्ने पार्टीको निर्णयविपरीत पार्टीका नेताको उपस्थितिमा मदन भण्डारी फाउन्डेसनलगायत स्पोर्ट एकेडेमीको ब्यानरमा विभिन्न कार्यक्रम गरेर पूर्वएमालेको छुट्टाछुट्टै भेला गर्ने र भेलामा पूर्वएमालेले अवलम्बन गरको जनताको बहुदलीय जनवाद (जबज)को औचित्यताबारे चर्चा गरेर पूर्वएमाले र जबजका अनुयायी एक हुनुपर्ने विचार व्यक्त गरेका विषयले पार्टीभित्र विवाद उत्पन्न गर्न थप मद्दत पुऱ्याएको देखिन्छ । दुवै पक्ष निरन्तर गुट भेलामा लाग्ने गरेकाले पनि समस्या अझै चर्किरहेको देखिन्छ । पार्टीलाई जोगाउनु भन्दा पनि गुट जोगाउन उद्यत भएकाले नेकपाभित्रको यो विवाद अझै बढ्ने देखिएको छ ।

# सोच रूपान्तरण



❖अरुण राज सुमार्गी

नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचनको सँघारमा कोभिड-१९ पोजेटिभ भएर बसेका बेला उद्योग वाणिज्य संघको निर्वाचन वरपर रहेर देखेका केही सत्यतथ्य सूचकहरू नै भन्दा पनि हुन्छ । देशमा जनता छ, सरकार छैन । देशमा व्यवसायीहरू छन्, उद्योग वाणिज्य महासंघ छैन । करदाताहरू छन्, सम्मान छैन । सम्भावनाहरू छन्, स्थापित गर्न दिँदैनन् । यस्तो अवस्थामा देशको आर्थिक क्षेत्र, सामाजिक क्षेत्र र खासगरी माउ पार्टीहरूले चलाएको राजनीति पनि धरापमा छ । सोचलाई रूपान्तरण गर्नुपर्ने बेला आएको छ ।

सधैं पछौटेपनले ग्रसित मनोभावलाई बदल्नु जरुरी देख्छु । देश र जनताका बारेमा नयाँ बाटो सिर्जित गर्ने बाटोमा कसैले कतैबाट पनि जोखिम उठाउन खोजेको देखिन्न । प्रतिपक्ष दल छ र भन्ने अवस्था देखिरहेका छौँ । सत्ता पार्टीले कहींकतैबाट पनि राम्रो गर्न सकिरहेको छैन । आफैँभित्रको अव्यवस्थाका कारण टुक्रा-टुक्रा अवस्थामा प्रस्तुत भइरहेको छ । विश्वभरि फैलिइरहेको कोभिड-१९ ले हाम्रो अर्थव्यवस्थाले घुँडा नै टेकिसकेको छ । फेरि पनि केका लागि हामी लडिरहेका छौँ ? यसको उत्तर कसरी खोज्ने हो ।

देश र जनतालाई सर्वोपरि राखेर बहुदलीय जनवादमा सर्वसत्ता हातमा हुँदा पनि हामी जनता टुहुराझैँ जीवनयापन गरिरहने हो भने, बलिया दुई छिमेकको प्रभावमा बन्दकी राख्दै जाने हो भने साहूले आसामीको घरजग्गा खाएको जस्तो परिदृश्य हामीले भोग्नु नपर्ला भनेर भन्न सकिन्न । ठालू पल्टेकाहरूलाई सम्झाउने बाटो र शब्दहरू हाम्रो शब्दकोशमा नभएरै होला कि वा उनीहरू जन्मजात बहिरा भएर हो कुन्नि देशले एकपछि अर्को समस्याको बाटो समाइराखेको देखिन्छ । मागेर अर्थतन्त्रको मल्हम लगाउनेभन्दा गरेर देशको अर्थतन्त्रलाई सबल बनाउने कार्यको थालनीका लागि सोचलाई रूपान्तरण गर्नु नै आजको आवश्यकता हो । यो आजको अराजक परिस्थितिको जिम्मेवारी लिने कोही नभएपछि हामीले जनस्तरबाट नयाँ सोच नै स्थापित गर्नुपर्छ भन्ने लाग्छ ।

देश ६० को दशकमा जुन अवस्थामा थियो, आज त्योभन्दा सबै सूचकांकहरूलाई हेर्ने हो भने खराव स्थितिमा देखिन्छ । वैदेशिक ऋणदेखि आत्मनिर्भरको पृष्ठभूमिलाई हेर्ने हो भने हामी ६० को दशकमा राम्रो अवस्थामा थियौँ । वैदेशिक व्यापारघाटादेखि परनिर्भरतामा हामी दबिँदै, थिचिँदै गएको देखिन्छ । हाम्रो अर्थतन्त्र कहाँनिर चुकेको छ ? हाम्रो देशको भू-राजनीतिमा कहाँ भूल भयो ? हाम्रो कूटनीति, राजनीति कहाँ फस्यो ? हाम्रो पञ्चशील कता हरायो ? हाम्रो आत्मनिर्भरता कोसँग गएर ओरालो लाग्यो ? यस प्रकारका अनेकन् प्रश्नहरूले आज हामीलाई जिस्क्याइराखेको देखिन्छ । चुनावका घोषणापत्रहरूमा लेखिएका के-कति हामीले पूरा गर्न सकेका छौँ ? कहिले हामीले हामीलाई यी सब प्रश्नको उत्तर दिने हो ?

खुला सिमाना र खुला बजारका कारण अतिक्रमित हाम्रो अर्थबजारलाई होस् वा हाम्रो आफ्नो बलबुतामा तयार पार्न सक्ने ऊर्जा बजार होस्, सबै कुनै न कुनै कारण अरूको प्रभावमा परेको छ । यो सब व्यवस्था बन्नुमा कसको कमजोरी हो भनेर हामीले प्रश्नसमेत गर्न सकेको देखिन्न । नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छाबाउको अनुहारजस्तै भएको छ । करिब ३ करोड नेपालीको देशमा हामी ३ सय करोडलाई व्यवस्थापन गर्न जस्तो ठूलो भारी सम्झिरहेका छौँ । देश चलाउन व्यवस्थापकीय कमजोरीको कारणहरूका लागि सोच रूपान्तर नै गर्नुपर्छ ।

आफैँ माथि पठाएका ती निरीह ठूला व्यक्तिहरूलाई सुलीमा चढाएर निकास आउँदैन । बरु उहाँहरूलाई लक्षित बनाउन नयाँ सोच र रूपान्तरणको सोच छ । यो देशले बन्दुकको बलमा पनि परिवर्तन गरेर हेरियो । अझै केही बन्दुकको बलमा थप कोसिस गरिरहेका छन् । केही आफ्नो वालाहरू र मुडे बलमा रूपान्तरणको भाषण गरिरहेका छन् । हामीले कति आफ्नो समय र कालखण्डलाई बलिदान दिने, अब हुन्न चुप लागेर बस्न । हरेक युवाहरूले देखेको सपनालाई साकार बनाउन हामी रूपान्तरको नयाँ उद्घोष गरौँ ।

जसरी हामीले, हाम्रा पुर्खाहरूले जहानियाँ शासनलाई हटाएर अर्कोलाई सुम्पेर गल्ती गऱ्यौँ, त्यस्तै अर्को गल्ती हामीबाट भइसकेको छ । यो प्रायश्चित्तको यात्रा हो । आऔँ हामी प्रायश्चित्त गरौँ र रूपान्तरणसहित नयाँ सोच बनाऔँ । यो वा ऊ कुनै पनि कोणबाट हामी हाम्रो देशलाई उकालो लगाउने छाँट देखिरहेका छैनौँ । कडा कानुन, कडा शासन र जंगे शैलीको व्यक्तित्व आजको आवश्यकता हो । मकै पिन्दा घुन पनि पिसिन्छ, बरु हामी यो सहन गर्न तयार हुनुपर्छ । देश एकपल्ट सबल बनाउन हामीले बलिदान दिन परे पनि दिन सक्छौँ । बहुसंख्यक नेपालीहरूको भावनालाई आत्मसात् गर्दै यो सोच प्रस्तुत गरेको छु ।

सिंहदरबारबाट निस्केको सिंह र नारायणहिटीबाट निस्केको सिंहले हामीलाई खास कुनै अन्तर प्रदान गर्न सकेन । गाँठो फुकाएर भाग लगाएको प्रदेश, संघले आसेपासे र 'ख' वर्गका नेताहरूको व्यवस्थापन त गऱ्यो तर देशले नयाँ बाटो समाउन भने सकेन । किनभने जब हामीले 'क' वर्गको दलबाट त कुनै आशा गर्न नसकिरहेका बेला 'ख' वर्ग र 'ग' वर्गका नेता र कर्मचारीहरूबाट के आशा गर्ने ? कहिलेकाहीं यो धर्तीको माटो नै यस्तो हो कि हाम्रो मूलको पानी नै तीनपानेभन्दा खराब हो भन्ने लाग्छ । तर जे होस्, समाजमा एकपल्ट देश हाँक्नेप्रति वितृष्णा आएपछि नयाँ पुस्ता, नयाँ सोच र रूपान्तरण जबसम्म दलाल पुँजीपतिहरूको हातमा देशको कर्मचारीतन्त्र, देशका दलहरू रहन्छन् तबसम्म यही हाल हो ।

पञ्चायतीकालमा नमिता, सुनिता काण्डको व्यथा हेरेको थिएँ । बहुदलीय कालखण्डमा निर्मला काण्ड छ, फरक के हो ? सुन काण्ड होस् जहाँज खरिद होस्, हतियार खरिद होस् वा मूर्ति बेच्ने कार्य– यी सबै-सबै कालखण्डमा भएका छन्, विधि र विधान जस्तो बनाए पनि आफ्नो आचरण बदल्न नसक्ने, पात्र मात्र बदल्ने नीतिले हामी दिनप्रतिदिन कालो भुमरीतर्फ धकेलिरहेका छौँ । एउटा वा दुईवटा नेताले दसैंको खर्च राजढुकुटीबाट लिँदैमा वा नलिँदैमा सोचमा रूपान्तरण हुन सक्दैन । लिनु बरु पुग्ने गरी लिनु, जसका कारण भष्ट्र आचरणलाई शून्यमा ल्याउने गरी लिनु । अरुण प्रोजेक्ट होस् वा बूढीगण्डकी होस् वा अन्य यस्ता कैयौँ योजनाहरू, भष्ट्रचारले ओतप्रोत भएर हामी गरिबीको रेखामुनि पुगेको ठहर छ ।

समाजसेवाको नाममा देशको गरिबीका सूचीहरू विदेशीको हातमा दिन तयार एनजीओहरूलाई संरक्षण गरेर देशको विकास देख्ने सोचका लागि रूपान्तरण नै जरुरी छ । एउटा डाक्टरको अभियानलाई रूपान्तरण देख्ने विदेशी चलखेलमा रमाउने समूह पनि हाम्रो विकासको बाधक हो । हामीले रूपान्तरणका लागि ठूलो जमात तयार भएको अवस्थाचाहिँ हो, तर यसका लागि हामीले नेतृत्वको खोज गर्नु जरुरी छ । बेलाबेलामा हामीले आशा गरेको देखिएका विभिन्न प्रलोभनमा युरोपियन र छिमेकीहरूको लोभले पतनको बाटो लागे, त्यसैले देशको आर्थिक अवस्थालाई सहज बनाउन सबै क्षेत्र चुस्त र सुस्त नै हुन जरुरी छ । देशको अर्थतन्त्र बलियो बनाउने भनेको देश चलाउने निकाय र दलको नै सोचमा रूपान्तण गर्नु जरुरी छ । देश बनाउन हामीले त्याग गर्नुपर्नेछ ।

यो लेख लेखिरहँदा म घरभित्र आइसोलेसनमा बसिरहेको छु । यो बेलामा रेडियो वा टेलिभिजनबाट सुनेको, देखेको स्थितिले थप पीडा पाऱ्यो, जुन कोभिडको पीडाभन्दा बढी नै हो । देश जलिरहेको छ । हाम्रो देश चलाउनेहरू बाँसुरी बझाइरहेका छन्, त्यो पनि दलको ताल र धुन । यो धुन र तालले नेपालीहरू आक्रान्त बनेका बेला बन्द गर्नुपर्छ । लडाइँबाट हैन, सकारात्मक सोचसहित सोच रूपान्तरणको भावले । जहाँबाट निद्रा खुल्छ त्यहीं सबेरा (बिहानी) हुन्छ । आर्थिक विकास नै हाम्रो लक्ष्य हो, सबल अर्थतन्त्र नै हाम्रो सपना हो । सोच रूपान्तरण गरौं ।

# शशांक कोइराला : 'असल (अ)राजनीतिक व्यक्तित्व'



❖विजय घिमिरे

नेपालका राजनीतिक पार्टीका नेता अमेरिका आउँदा पार्टी कार्यकर्ताले तिनको बसाइ सहज बनाउने प्रयास गर्छन् । जानुपर्ने ठाउँमा पुर्याइदिन्छन् । कार्यक्रम राख्छन् । जान पहिचान बढाउँछन् । केही अघि नेपाली कांग्रेसका महामन्त्री शशांक कोइराला अमेरिका आएका थिए । दुई साता जति बसे । उनी फर्किएपछि करिब एक साता उनीसँगै रहेका कांग्रेस कार्यकर्तालाई सोधेँ- शशांक कस्ता लागे ? उनले उत्तर दिए- मैले कांग्रेसका धेरै नेतालाई अमेरिकामा सँगै लिएर हिँडे । तर, शशांक दाई अरु नेताभन्दा धेरै फरक, धेरै असल । कति जना त लोभी पनि थिए । उनमा भने मैले कत्ति पनि लोभ देखिन ।

भ्रमणका बेला मेरा एक जना मित्रकहाँ शशांक एक साँझ पाहुना भए । मैले ती मित्रलाई सोधेँ- शशांकले के पिए ? उनले भने- मैले महँगो मदिरा पनि घरमा ल्याएको थिएँ तर शशांक दाइले सानो ब्लुमुन बियरको पनि आधाभन्दा कममात्र लिनुभयो । अमेरिकामा शशांकले रजहाँसको बथान कसरी उँड्छ भन्ने उदाहरण दिएका थिए । रजहाँस मौसमी बसाइँसराइका लागि लामो उडान गर्दा अंग्रेजी अक्षर 'भी' आकारमा उड्छन । त्यसले गर्दा पछाडि उड्नेले हावाको वेग कम सहनुपर्छ र कम थाक्छ । नेताले कार्यकर्तालाई पनि त्यसरी नै मौका दिनुपर्ने उनले बताएका थिए ।


अमेरिका भ्रमणका क्रममा शशांक जहाँ जहाँ गएर बोले त्यहाँ नेपाली समुदायको मन जितेका थिए । कांग्रेस समर्थकबाट मात्र होइन विरोधीले समेत शशांकको प्रशंसा गरे । करिब २०५० सालतिरको कुरा हो । हजुरआमालाई आँखाको समस्या देखियो । पोखरामा डाक्टरकहाँ पटक पटक लैजाँदा पनि ठीक भएन । त्यसबेला शशांक महाराजगंज आँखा अस्पतालमा कार्यरत थिए । उनैकहाँ पुगियो । पहिलो दिन उनीसँग जचाएर फर्किएपछि हजुरआमाले भन्नुभयो- म धेरै डाक्टरकहाँ गए तर यति राम्रोसँग मैले पनि बुझ्ने गरी कुरा गर्ने डाक्टर अहिलेसम्म भेटेको थिइन । हजुरआमाको ठम्याइ सही थियो । उनको व्यवहार निकै शीतल थियो । मैले भने उनी त २०१५ सालमा प्रधानमन्त्री हुने बीपी कोइरालाका छोरा हुन् । राम्रा हुँदैनन् त ?

अस्पतालमा जाँदा उनको कोठामा मधेसबाट आएकाहरूको एउटा हुल भित्र आयो । सबैले बीपी र शशांकका पुराना प्रसंग सुनाए । कतिलाई त शशांकले व्यक्तिगतरुपमै चिने । कैयौंका बारेमा सोधखोज गरे । कतिले शशांकको हात तानेर निधारमा समेत लगिरहेका थिए । निकै हार्दिक व्यवहार देखिएको थियो ।

कांग्रेसको गत महाधिवेशनमा नेतृत्वका लागि चुनाव भइरहेको थियो । महामन्त्रीमा शशांक उमेदवार थिए । मतदान भइरहेका बेला म केहीछिन उनीसँग कुरा गर्न पुगेँ । त्यही बेला एक जना युवा आएर शशांकसँग हात मिलाउँदै सोधे- दाइ मलाई चिन्नुभयो ? शशांकले 'चिन्छु' भने । 'ल म को हुँ भन्नुहोस् त भनेर ती युवाले अप्ठ्यारोमा पारे । तर, शशांकले म चिन्छु भनिरहे । उनले म को हुं भन्नुस् भनेर जिद्दी नै गरे । शशांकले साच्चै नै उनलाई चिन्दा रहेछन् नामै भनिदिए । ती युवा शशांकको हात टाउकोमा राख्दै बिदा भए ।

विसं २०४६ को परिवर्तनपछि राजनीतिकै सेरोफेरोमा भएर पनि शशांक आँखाको डाक्टरका रुपमै काम गरिरहेका थिए । कोइराला परिवारमा बीपीको एउटा छोरा राजनीतिमा जानुपर्छ भन्ने थियो । बीपीका जेठा छोरा प्रकाश राजनीतिमा असफल देखिएपछि शशांकलाई राजनीतिमा जान दबाब बढ्दो थियो । त्यसबेलाका कोइराला परिवार निकटहरू भन्छन्- प्रकाशले नसक्ने देखिएपछि आमा सुशिला कोइराला समेत शशांक राजनीतिमा प्रवेश गरिदिउन् भन्ने चाहन्थिन् । गिरिजाप्रशाद कोइरालाको चाहना पनि यही थियो ।

परन्तु, केही समय शशांक राजनीतिबाट हराए । परिवारमा समस्याका खबर आए । उनको मद्यपानमा लतका कुरा आए । नवलपरासीबाट सांसद र गत महाधिवेशनमा महामन्त्रीको उम्मेदवार भई शशांक राजनीतिमा प्रवेश गरे । राजनीतिक परिवारमा हुर्के पनि शशांक पूर्ण राजनीतिमा भने केही ढिलो प्रवेश गरे । यो पनि आफूले चाहेरभन्दा परिवारको दबाबमा । कांग्रेसमा लामो समय काम गरेका एक जना कार्यकर्ता भन्छन्- इमानदारीमा विरोधीले पनि खोट लगाउन नसक्ने असल व्यक्ति हुन् शशांक । यो सही पनि हो । अहिलेसम्म शशांकको इमानदारीमा प्रश्न उठाउन कसैले पनि सक्दैन । उनी असल व्यक्ति हुन् भन्नेमा पनि दुई मत छैन ।



यही कुरा कोइराला परिवारको राजनीतिलाई नजिकसँग बुझ्नेकालाई मैले प्रश्न गरेँ शशांक असल राजनीतिक व्यक्तित्व हुन् ? उनले उत्तर दिए- असल अराजनीतिक व्यक्तित्व हुन् । किन ? उनले भने- केही पहिले नै पूर्णकालीन राजनीतिमा लागेको भए शशांक अझै परिपक्व हुन्थे । परिवारको दबाबमा अनिच्छापूर्वक राजनीतिमा आउँदा ढिलो भयो । राजनीतिक व्यक्ति हुन अझै परिपक्वता चाहिन्छ । पहिलेदेखि नै पार्टी संगठनमा काम गरेको भए यो परिपक्वता आउँथ्यो । अहिले नेपाली राजनीतिमा पुराना पार्टी कांग्रेस र नेकपाप्रति वितृष्णा छ । विशेषगरी अहिलेका नेताहरुप्रति जनता रुष्ट छन् । तैपनि मत कांग्रेस वा नेकपालाई दिइरहेका छन् । वर्तमान नेकपाको बहुमतको सरकारको कामप्रति जनता निराश छन् । तर, शेरबहादुर देउवाको नेतृत्वमा रहेको कांग्रेसप्रति पनि जनता उसाहित छैनन् ।

यी दुईको विकल्पमा अर्को पार्टी आओस् भन्ने चाहना नेपाली जनतामा देखिन्छ । स्वःस्फूर्तरुपमा देखिने समूहले समेत सडकमा भीड जुटाउनुको कारण यही हो । साझा र विवेकशील पार्टीका उमेदवारले भोट काट्दा काठमाडौको मेयरमा कांग्रेस उम्मेदवार हारे । काठमाडौं क्षेत्र नम्बर एकमा पनि बल्ल बल्ल कांग्रेसले जित्यो । अहिले शेरबहादुर, केपी, पुष्पकमल दाहाललाई हेरेर धेरैले भन्छन्- राजनीतिक नेता खत्तम भए । जनता हामीले दुःख पायौँ । यो कुरा सामाजिक संजालमा पनि देखिने गरेको छ ।

पदबाट बाहिर जाँदा तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाभन्दा नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङ चर्चित भए । कुलमानको वाहवाही भयो । राजनीतिक नेताबाट दिक्क भएर जनताले यस्ता अराजनीतिक व्यक्ति खोजिरहेका हुन् । कुलमानलाई राजनीतिमा आउन जनताले दबाब दिएका छन् । त्यसैले अहिले असल र इमानदार व्यक्ति जनताले राजनीतिमा आओस् भन्ने चाहिरहेका छन् । खोजिरहेका छन् ।

यस स्थितिमा कांग्रेसप्रति जनलहर ल्याउन शशांकको असल र इमानदार व्यक्तित्व नेतृत्वका लागि उपयोगी हुन सक्छ । शशांक अराजनीतिक व्यक्तित्व हुन् । यसैले शशांक कांग्रेस समर्थक र कार्यकर्ताका लागि मात्र होइन विकल्प खोज्ने सबैका लागि स्वीकार्य व्यक्ति हुन सक्छन् ।

नेपाली समाजले अहिले राजनीतिमा इमानदार र असल व्यक्ति नै खोजेको छ । तर, असर र इमानदार हुँदैमा राजनीतिमा पुग्दैन । दूरदृष्टि चाहिन्छ । जनपक्षीय सोच हुनुपर्छ । बीपी कोइरालाले २०१५ सालमा एक हल गोरु, दूध दिने गाई, काम गरेर खानपुग्ने जमिनसहित सबै नेपालीलाई आर्थिकरुपमा मध्यमवर्गमा पुर्याउने सपना देखेका थिए । उनको यो 'भिजन' पूरा हुन पाएन । अहिले पनि कांग्रेस नेता कार्यकर्ताले पटकपटक बीपीको सपना पूरा गर्ने कुरा गर्छन् । शशांकले बीपीको 'भिजन' पक्कै बुझेका छन् । अहिलेको सन्दर्भमा बीपीको कल्पना साकार गर्नसक्ने व्यक्ति उनै हुन सक्छन् । शशांकको 'भिजन'लाई नेपाली जनताले विश्वास गर्ने आधार पनि छ । अरुले त होइन बीपीकै छोराले बीपीको कल्पना साकार पार्ने विश्वास गर्न सकिन्छ । व्यक्तिगत कुराकानीमा शशांक आर्थिक वृद्धि, समृद्धी कसरी आउँछ भन्ने जानकार देखिन्छन् । अर्थ, व्यापार, आर्थिक विकासका बारेमा पनि उदार विचार राख्छन् र प्रष्ट रुपमा व्यक्त पनि गर्छन् ।

एकपटक चिनेको मानिसलाई शशांक हत्तपत्त भुल्दैनन् । सबैले बुझ्ने भाषामा आफ्ना कुरा राख्नसक्ने भएकाले देशभरका कार्यकर्तासँग घुलमिल हुन पनि उनलाई समस्या छैन । बीपीको छोरा र कांग्रेस महामन्त्री भएकाले पनि स्पष्ट दृष्टिकोणसहित कार्यकर्ता तहसम्म जाने सक्ने अवस्था शशांकको छ । अबको दुई वर्ष कांग्रेसका लागि आफूलाई प्रभावशाली बनाउने अवसर हो । दोस्रो स्थानमा पुगेको कांग्रेसलाई पहिलो बनाउन काम गर्ने बेला हो । यतिबेला पनि कांग्रेस पार्टी आफ्नै आन्तरिक विवादमा अल्झिरह्यो भने कार्यकर्ताको मनोबल बढ्न सक्दैन । देउवा, रामचन्द्र पौडेल र उनीहरुका निकटबाट यो संभव छैन । जनताले पनि उनीहरुलाई विश्वास गर्दैनन् । यस अवस्थामा आउने संसदीय निर्वाचनमा कांग्रेसले आफूलाई पहिलो स्थानमा ल्याउन कठिन नै हुन्छ । अब आउने महाधिवेशनले कांग्रेसको नेतृत्व कसको हातमा दिन्छ त्यसमा कांग्रेस र नेपालको राजनीतिक भविष्य निर्भर छ । परिवेश शशांकको पक्षमा छ । अहिलेसम्म सभापति देउवाको असल सारथीका रुपमा काम गर्दै आएका शशांकले नेतृत्वका लागि आफूलाई कसरी तयार पार्छन् ? यो नै उनको राजनीति र नेपाली कांग्रेसको भविष्यसँग जोडिएको छ ।

# कोरोना महामारीमा बढ्यो मातृ मृत्युदर

*झापा (प्रस)* । धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कात्तिक २९ गते १९ वर्षीया सुत्केरीको कोरोना संक्रमणका कारण मृत्यु भयो । उनी पाँच दिनकी सुत्केरी थिइन् । कात्तिक २७ गते उच्च रक्तस्रावका कारण दिपायल सिलगढी नगरपालिका-४ की ३० वर्षीया डम्बरीदेवी साहु कठायतले पनि ज्यान गुमाइन् ।

नेपालमा कोरोनाबाट पहिलोपटक सुत्केरीकै मृत्यु भएको थियो । जेठ ३ गते सिन्धुपाल्चोक, बाह्रबिसेकी २९ वर्षीया महिलाले ज्यान गुमाएकी हुन्, उनी १० दिनकी सुत्केरी थिइन् । स्वास्थ्य सेवा विभागको मातृ तथा नवजात शिशु शाखाको तथ्यांकले कोरोना महामारीयता मातृ मृत्युदर बढेको देखाएको छ । सात महिनायता १ सय ३४ जना सुत्केरी तथा गर्भवतीको मृत्यु भएको परिवार कल्याण महाशाखाअन्तर्गत मातृ तथा नवजात शिशु शाखाको तथ्यांकमा उल्लेख छ । चैत ११ देखि असोज अन्तिमसम्म कर्णाली प्रदेशमा ११, गण्डकी प्रदेशमा ५, वाग्मती प्रदेशमा १९, प्रदेश १ मा ३७, प्रदेश २ मा ११, लुम्बिनी प्रदेशमा ४३ र सुदूरपश्चिम प्रदेशमा ८ जना गर्भवती तथा सुत्केरीको महिलाको मृत्यु भएको छ ।

**छैन नियमित स्वास्थ्य परीक्षण**

कोरोना संक्रमणको डरले नियमित स्वास्थ्य परीक्षण नगराउने र विकट क्षेत्रमा समयमा अस्पताल नपुर्‍याउँदा धेरै सुत्केरी तथा गर्भवतीले ज्यान गुमाएको देखिएको छ । लकडाउन र निषेधाज्ञाका कारण पनि धेरै जना समयमै अस्पताल नपुगेको देखिन्छ भने अत्यधिक रक्तस्राव हुँदा तथा घरमै सुत्केरी गराउनाले पनि मृत्युदर बढेको देखिन्छ ।

दीगो विकास लक्ष्यअनुरूप सन् २०३० सम्ममा मातृ मृत्युदर प्रतिलाख ७० जनामा झार्ने लक्ष्य भए पनि कोरोना महामारीले झन् चुनौती थपिएको छ । जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्यांकअनुसार आधाभन्दा बढी ५७ प्रतिशत बच्चा स्वास्थ्यसंस्था, विशेष गरी सरकारी संस्थामा जन्मिने गरेका छन् । तथापि ४१ प्रतिशत बच्चाहरूको जन्म घरमै हुने गरेको पाइएको छ ।

मातृ-मृत्यु भन्नाले गर्भावस्था, सुत्केरी र सुत्केरीपछिको ४२ दिनभित्र मृत्यु भएको अवस्थालाई जनाउँछ । चिकित्सकहरूका अनुसार गर्भवती महिलाले चौथो, छैटौं, आठौं र नवौं महिना गरी कम्तीमा चारपटक नियमित स्वास्थ्य परीक्षण गराउनुपर्ने हुन्छ । जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार नेपालमा ८४ प्रतिशतले मात्रै गर्भ जाँच गराउँछन् । कोरोना महामारीले यो संख्यामा झन् कमी आएको छ ।

मनमोहन शिक्षण अस्पतालका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. मनोर दिन सैयदका अनुसार मातृ मृत्युदरको मुख्य कारण अस्पतालको पहुँचमा कमी, अत्यधिक रक्तस्राव, रक्तअल्पता, उच्च रक्तचाप आदि हुन् । 'कोरोनाले आक्रान्त पर्दा महिलालगायत कुनै पनि बिरामी रोग सर्छ कि भन्ने त्रासले पनि नियमित परीक्षणमा गएनन्,' उनी भन्छन्, 'पहिलो ३ महिनामा दिइने फोलिक एसिड भन्ने भिटामिनको कमी भयो भने बच्चाको स्नायु प्रणालीमै समस्या हुन सक्छ । कुनै पनि समस्या नभएको गर्भावस्थामा एकचोटि उच्च रक्तचाप र सुगरको मात्रा बढ्नेलगायत अरू जटिलता निम्तिन सक्छन् ।' यस्तो बेला गर्भवतीले सुरक्षा अपनाएर नजिकको स्वास्थ्य संस्थामा गएर नियमित परीक्षण गराउन र मानसिक तनाब नलिन उनले सुझाव दिए ।

**स्वास्थ्य संस्थाको पहुँचमा कमी**

स्वास्थ्यसम्बन्धी जर्नल 'ल्यानसेट'मा अगस्ट १० मा प्रकाशित एक अध्ययन प्रतिवेदनअनुसार नेपालमा लकडाउनको समयमा स्वास्थ्य संस्थामा हुने जन्म ५२.५ प्रतिशतले घटेको छ । अध्ययनले यसको मुख्य कारण स्वास्थ्य संस्थामा पहुँच कम हुनुलाई देखाएको छ ।

अछाम, बयलपाटा अस्पतालका निर्देशक डा. विकास गौचनले कोरोनाले प्रसूति सेवा लिन आउनेमा निकै प्रभाव पारेको बताए । अस्पतालमा सरदर ७० देखि ८० को हाराहारीमा डेलिभरी हुने गरेकोमा कोरोना महामारीले त्यो संख्या न्यून भएको उनको भनाइ छ । 'लकडाउन सुरु भएको चैतदेखि भदौसम्म सुत्केरी गराउन आउने महिला एकदम कम थिए । असोज महिनाबाट भने गत वर्षको जस्तै भएको छ,' उनले भने, 'यातायातको असुविधा प्रमुख कारण हो । जस्तै- अछाम, बाजुरामा यातायातको समस्या छ । बिरामीले गाडी रिजर्भ गर्नुपर्ने हुन्छ । छोटो दुरीको यात्रा गर्दा पनि महँगो पैसा तिनुपर्ने हुन्छ ।' संस्थागत सुत्केरी गराउने दर पनि घटेको उनले बताए । सुरक्षित गर्भपतन गराउन आउनेको संख्यामा त झन् कमी आएको छ । 'जसले गर्दा असुरक्षित गर्भपतन भई मातृ मृत्यदर बढाउँछ,' उनी भन्छन्, 'यस्तो अवस्थाले प्रजनन स्वस्थ्यमा नराम्ररी असर गरेको छ ।'

सबैभन्दा बढी प्रसूति सेवा लिइने अस्पतालमध्ये एक हो, थापाथली परोपकार प्रसूतिगृह तथा स्त्रीरोग अस्पताल । अस्पतालकी निर्देशक डा. संगीता मिश्रले लकडाउनको समयमा प्रसूति सेवा लिनेको संख्यामा १० देखि १५ प्रतिशतले कमी आएको बताइन् । अहिले भने अवस्थामा सुधार आएको छ । पहिलाकै हाराहारीमै प्रसूति सेवा प्रवाह भइरहेको छ । उनका अनुसार दैनिक करिब ८ सयले बहिरंग सेवा लिइरहेका छन् । 'लकडाउनअघिसम्म कोरोना त्रास र निषेधाज्ञाले केही असर गरेको थियो तर अहिले दैनिक ६५ देखि ७० डेलिभरी भइरहेको छ, जुन पहिले पनि थियो,' डा. मिश्रले भनिन् ।

दैलेख अस्पतालका निर्देशक डा. नीराजन पन्तले भने कोरोना महामारीका बेला प्रसूति सेवामा झन् वृद्धि भएको बताए । 'हामीले कोभिडका बिरामीलाई छुट्टै ठाउँमा राख्यौं, त्यसैले पनि कोरोनाको त्रास धेरैमा रहेन,' उनले भने, 'अरू बेला सुर्खेत, नेपालगन्जसम्म जाने बिरामी पनि हाम्रोमै प्रसूति सेवा लिन आए ।' उनका अनुसार महिनामा सामान्य तथा शल्यक्रियाद्वारा गरिने डेलिभरीको संख्या ७५ रहेको छ ।

**'सुरक्षित मातृत्व सेवा व्यवस्थित भएन'**

जनस्वास्थ्य विज्ञ तथा मिडवाइफ्री सोसाइटीकी अध्यक्ष डा. लक्ष्मी तामाङ कोरोना महामारीमा मातृ मृत्युदर बढ्नुमा सुरक्षित मातृत्व सेवा व्यवस्थित हुन नसक्नुलाई मुख्य कारण देख्छिन् । 'कोरोना महामारी त बहाना मात्र हो । आमाहरू त पहिलेदेखि नै मरिरहेका छन् नि,' उनले भनिन्, 'लकडाउन हुनेबित्तिकै यातायातको व्यवस्था हुनुपर्थ्यो । नेपाल सरकारको नेटवर्किङजस्तै रेडक्रस सोसाइटी छ, इमरजेन्सीमा चलाउन सकिन्थ्यो ।' स्वास्थ्य संस्थामा आइसकेपछि पनि गर्भवतीलाई कोभिडका डरले चिकित्सकहरूले वास्ता नगरेको उनको भनाइ छ ।

डा. तामाङका अनुसार स्वास्थ्य संस्थामा पुग्न ढिलाइ र आर्थिक अवस्थाले पनि मातृ मृत्युदर बढाइरहेको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ आइसके पनि कार्यान्वयन प्रक्रिया नमिल्दा मातृ मृत्युदर बढ्दै गएको उनले दाबी गरिन् । '१५ प्रतिशत आमाको मृत्यु गर्भावस्थामा जटिलताका कारण हुने गर्छ । नेपालमा प्रतिलाख जीवित जन्ममा २३९ जना आमाको मृत्यु भइरहेको छ,' उनले भनिन्, 'तर यसलाई रोकथाम गर्न सम्बन्धित निकायको नजर पुगेको छैन ।'

दुर्गममा मात्र होइन संघीय राजधानी काठमाडौंकै थुप्रै नगरपालिकाका स्वास्थ्य संस्थामा एक जना पनि मेडिकल डाक्टर छैनन् न त सुरक्षित गर्भपतन सेवा छ । स्वास्थ्य संस्थामा दुई जना नर्स वा दक्ष प्रसूतिकर्मीले एक जना सुत्केरी हेर्नुपर्छ भन्ने छ । यो सेवा अझै पनि लागू भएको छैन । प्रसव-बेथामा राम्रो सेवा दिन सके मातृ मृत्युदर घट्छ । अस्पतालमा प्रसूति गराउनुपर्छ भनेर प्रचार गर्ने तर आइसकेपछि गुणस्तरीय सेवा नदिने प्रवृत्ति अर्को समस्याका रूपमा देखिएको छ । डा. तामाङ नीति राम्रो बने पनि कार्यान्वयन हुन नसकेको बताउँछिन् ।

परिवार कल्याण महाशाखाअन्तर्गत मातृ तथा नवजात शिशु शाखाकी प्रमुख डा. पुण्या पौडेलले कोरोना महामारीबीच पनि शाखाले काम गरिरहेको दाबी गरिन् । 'हामीले मातृ मृत्युदर बढ्नुका कारण पत्ता लगाएर त्यसअनुसार काम गरिरहेका छौं । सुरुमा त गाइडलाइन बनायौं, स्वास्थ्यकर्मीलाई दक्ष बनाउन परामर्श तथा तालिम दिइरहेका छौं,' उनले भनिन्, 'तर दक्ष जनशक्तिको कमी छ । सबै प्रदेशमा कति आवश्यक छ, त्यही अनुसार मिलाइरहेका छौं ।'

दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले उद्धार गर्ने गरेको छ । २०७५ पुसबाट सुरु भएको निःशुल्क हवाई उद्धार सेवा कार्यक्रमले मातृ मृत्युदरमा कमी आउने विश्वास लिइएको छ । कार्यक्रम सुरु भएदेखि हालसम्म १५७ जनाको उद्धार गरिएको छ भने लकडाउन सुरु भएको चैत ११ यता ७० जना गर्भवती तथा सुत्केरीको उद्धार गरिएको मन्त्रालयले जनाएको छ ।

# स्थानीय तहमा प्रम रोजगार कार्यक्रम उदासीन

*झापा (प्रस)* । संघीय सरकारले महत्वकांक्षी कार्यक्रमको रूपमा सञ्चालन गर्दै आएको प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा स्थानीय तह भने उदासिन देखिएका छन् । सरकारले परियोजनामात्र माग गरेर रोजगारी कार्यक्रम सञ्चालन गर्न बजेट दिने जनाउँदा समेत स्थानीय तहले कार्यक्रमलाई प्राथमिकतामा राख्न सकेनन् ।

तीन वर्ष अघिदेखि वार्षिक ५ लाख वेरोजगार युवालाई स्थानीय तहमा नै रोजगारी दिनेगरी सञ्चालन गरिएको यो कार्यक्रम कार्यान्वयनमा महानगरपालिका, उपमहानगरपालिकादेखिनगरपालिकाले नै चासो देखाएका छैनन् । गत आर्थिक वर्षको प्रगति विवरण पठाउन नसकेर चालू आवमा अनुदान नपाउनेमा नगरपालिका नै बढी रहेको पाइएको छ । प्रगति विवरण र कार्यक्रम पेश गर्न नसक्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले चालू आवमा प्रगति विवरण पेश नगरेका कारण १ सय ८३ स्थानीय तहलाई रोजगार कार्यक्रम सञ्चालन गर्न बजेट निकासा गर्न सकेन । यसरी बजेट नपाउनेमा महानगरपालिका, उपमहानगरिपालिकादेखि नगरपालिकाको संख्या ९५ रहेकोमा गाउँपालिकाको संख्या ८९ मात्र रहेको छ । गाउँपालिकाले कर्मचारी अभावमा प्रगति विवरण समयमा तयार गर्न नसकेको जनाउँदै आएपनि कर्मचारी भएका नगरपालिकले समेत प्रगति विवरण पठाउन नसकेको देखिएको छ ।

प्रगति विवरण नपठाएर रोजगार कार्यक्रमको अनुदान नपाउने महानगरपालिकामा काठमाडौं, पोखरा र विराटनगर रहेको मन्त्रालयले जनाएको छ । यसैगरी प्रगति विवरण समयमा नपठाएका कारण इटहरी, धरान, जनकपुरधाम, कलैया, जीतपुर सिमरा उपमहानगरपालिकाले समेत हाल अनुदान पाएका छैनन । दमक, इलाम, मध्यपुर थिमी लगायतका पुराना नगरिपालिकाले समेत आर्थिक विवरण पठाएका छैनन् । श्रम मन्त्रालयका सहसचिव सुमन घिमिरेले प्रगति विवरण पठाउन ढिलो गरेका कारण तोकिएका स्थानीय तहलाई अनुदान नपठाइएको जानकारी दिए । "प्रगति विवरण नपठाएका कारण बजेट नपठाइएको हो" उनले भने, "प्रगति विवरण प्राप्त भए पनि अनुदान पठाउने योजना छ ।" प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत चालू आर्थिक वर्षका लागि स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचीकृत विपन्न वेरोजगार व्यक्तिलाई कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना निर्माण तथा मर्मत कार्यमा संलग्न गराउन ३ अर्ब सशर्त अनुदान पठाइएको छ । रोजगार व्यवस्थापन सूचना प्रणालीमा बेरोजगार व्यक्तिको संख्या प्रविष्टिको आधारमा रकमको बाँडफाँड गरी ५६९ स्थानीय तहमा ३ अर्ब रुपैयाँ अनुदानका रूपमा पठाइएको मन्त्रालयले जनाएको छ ।

चालू आवको बजेट वक्तव्यको बुँदा नं. ६३ मा स्थानीय तहमा सञ्चालित सार्वजनिक निर्माण कार्यमा श्रममूलक विधिबाट आयोजना कार्यान्वयन गराई २ लाख जनालाई रोजगारी उपलब्ध गराउने उल्लेख भएअनुसार हालसम्म ६ अर्ब ८९ करोड स्थानीय तहमा उपलब्ध गराइसकिएको छ । यसबाट १ लाख ३३ हजार ३ सय २७ जनालाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउने योजना रहेको छ ।

सरकारले हाल वितरण गरेको अनुदान रोजगार पाउने संख्याका आधारमा न्यूनतम ३ लाखदेखि अधिकतम ४५ करोड रुपैयाँभन्दा बढी रहेको मन्त्रालयले जनाएको छ । सरकारले वितरण गरेको ३ खर्ब रुपैयाँ अनुदानबाट कम्तिमा ५८ हजार व्यक्तिले एक सय दिन बराबर रोजगारी पाउने उल्लेख छ । यो रकमबाट श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने उल्लेख भए अनुसार श्रमिकको ज्याला भुक्तानी गर्दा सरकारले तोकेको न्यूनतम प्रतिदिन ५ सय १७ रुपैयाँ पाउनेछन् ।

यो कार्यक्रमका लागि अनुदानका लागि वितरण गरिएको बजेटबाट ज्यालाको लागि मात्र हुने भएकोले श्रममूलक आयोजना छनोट र सञ्चालन गर्दा आयोजनाको लगात साझेदारी गर्नुपर्ने भएमा स्थानीय तहले आयोजना संशोधन गरी सञ्चालन गर्नुपर्ने छ । हालसम्म बेरोजगार रहेको जनाउँदै देशभरबाट ६ लाख ६० हजारभन्दा बढी युवाले सूची दर्ता गराएका छन् ।


बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, झापा
प्रदेश नं १ नेपाल ।

## बिर्तामोड नगरपालिकाको अनुरोध

**आदरणीय सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरु...**

अहिले हाम्रो जनजीवनमा कोरोना महामारीले नराम्रो असर पार्ने गरी समस्या बढिरहेको यहाँहरुलाई बिदितै छ । यस बिषम परिस्थितिमा पनि नगरपलिकाको जनशक्ति नगरबासीको स्वास्थ्य लगायत अन्य आवश्यकता पूरा गर्न अहोरात्र खटिइरहेको छ । कोभिड १९ को प्रकोपको न्यूनिकरणका लागि नगरका स्वास्थ्यकर्मी दिनरात नभनी लागिरहेका छन् । जसका कारण बिर्तामोड अरु पीलकाको तुलनामा केही सुरक्षित र कम जोखिममा रहेको छ । नगरले कोरोना प्रभाबितहरुका लागि क्वारेन्टाइन, आइसोलेसन र होम आइसोलेसनका प्रवन्ध गरेको छ ।

यतिबेला मुलुकका मुख्य सहरहरु र ग्रामीण बस्तीहरु पनि यसको प्रकोपबाट सुरक्षित छैनन् । यो प्रकोपबाट मुक्त रहन केवल सरकारी पहल र प्रयत्नबाट मात्र सम्भव छैन । स्थानीय तहहरुले त जनशक्तिको परिचालन गरेर समस्या बढ्न नदिने प्रयत्न गर्ने हो, त्यो गरिरहेकै छन् । तर, जनता जागरुक भएनन् भने केही पनि गर्न सम्भव छैन ।

हामी जो केही पनि यो संक्रमणको जोखिममा छौं भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन । खासगरी बिर्तामोड एउटा ब्याबसायिक क्षेत्र भएका कारण आफ्नो पसल, ब्यबसाय र उद्योग संचालन गर्दा स्वास्थ्य सचेतना अपनाएर गरेमा संक्रमण नबढ्ने र समुदायमा पुगेको रोगलाई नियन्त्रण गर्न सहज हुनेछ । अझ समुदायस्तरमा पुगेको संक्रमणलाई रोकथाम गर्न समुदाय नै बढी चनाखो हुन जरुरी हुन्छ ।

**तसर्थ,**

-अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कौं
-माक्सको अनिबार्य प्रयोग गरौं, हात सफा राखौं
-टोल, समाज सफा राखौं, जथाभाबी फोहर मैला नगरौं
-नजिकिरहेको चाडबाडमा अनावश्यक भिडभाड नगरौं
-आफ्नो परिवार बाहेक अरु धेरै अनावश्यक मानिसहरुको सर संगत नगरौं
-गाउँ, टोलमा देखापरेका बिरामीहरुप्रति नराम्रो ब्यबहार नगरौं
-कहीं कतै संक्रमणको जोखिम देखिएमा तत्कालै स्वास्थ्यकर्मीलाई सूचना दिऔं ।
-आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

**ध्रुबकुमार शिवाकोटी**
**नगरप्रमुख**
**बिर्तामोड नगरपालिका, बिर्तामोड (झापा)**



प्रतिदिन
## वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation
Illustration
Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


## राशिफल

**मेष** : आज रमाईलो यात्रा रहनेछ । चिताएको कामले तीव्रता लिनेछ ।
**वृष** : आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला ।
**मिथुन** : मानसिक चिन्ता बढेपनि श्रमको उचित मुल्याङ्कन हुनेछ । आफन्तको प्रगतिले मन रमाउनेछ ।
**कर्कट** : आज अनावश्यक तथा सौन्दर्यतामा धन खर्च हुनेछ । साना-तिना समस्यामा अल्झिनुपर्नेछ ।
**सिंह** : वित्तिय संस्थाबाट सहयोग पाईनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।
**कन्या** : आज दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । शुभकार्यको चर्चा चल्नेछ ।
**तुला** : विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ ।
**वृश्चिक** : आज वाक्चतुर्याईले सङ्कल्प सिद्ध हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ ।
**धनु** : साहित्य तथा संगीतमा रुचि बढनेछ । मनोरञ्जन क्षेत्रमा गरेको लगानीबाट श्रीः प्राप्ति हुनेछ ।
**मकर** : शुभारम्भको चर्चा चल्ने र विभिन्न अवसर आउनाले मन प्रसन्न रहनेछ । अतिथिको रूपमा सत्कार पाइएला ।
**कुम्भ** : आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । कार्यक्षेत्रमा प्रगति हुनेछ ।
**मीन** : घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ । सामान हराउने वा चोरी हुने भय छ ।